नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन तथा शोधभर्ना शाखा)

प.सं.: २०८०।८१
च.नं.: १८

मितिः २०८०।०६।१०

विषयः आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्वन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु,
सबै ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको प.सं. २०८०/८१, च.नं. १५४, मिति २०८०/०६/०५ को प्राप्त पत्रको छाँया प्रति यसै पत्रसाथ संलग्न गरिएको छ । सो पत्रमा उल्लेख भए बमोजिमको निर्देशन अध्ययन गर्नुभई सोही अनुसार कार्यान्वयन गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

...................
(दिनेश रेग्मी)
उप-महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल।


पत्र संख्याः- २०८०/८१
च. नं.:- १५४

मितिः २०८०/०६/०५

विषयः आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धमा।

महालेखा नियन्त्रक कार्यालय
दर्ता नं. 620
मिति 2080/06/6

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा २८ अनुसार संघीय विनियोजन ऐन बमोजिम विनियोजन भएको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट भएको रकम खर्च गर्ने अख्तियारी स्वतः अधिकार प्राप्त अधिकारीलाई हुने व्यवस्था गरिएको छ। बजेटको प्रभावकारी कार्यान्वयन र नगद व्यवस्थापनका लागि त्रैमासिक रुपमा बजेटको बाँडफाट गरिएको छ। स्वीकृत बार्षिक कार्यक्रमको त्रैमासिक विभाजन बमोजिम मासिक खर्च अनुमानको विवरण तयार हुने र मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), एकल खाता कोष प्रणाली (TSA), कम्प्यूटरीकृत सरकारी लेखा प्रणाली (CGAS) बिच अन्तर आवद्धता समेत गरिसकिएको व्यहोरा विदितै छ। उपरोक्त सन्दर्भमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा भएको कार्यक्रमको एकल खाता कोष प्रणालीबाट भुक्तानी गर्दा त्रैमासिक विभाजनमा उल्लेखित रकम भन्दा फरक पारी भुक्तानी हुने गरेको बुझिएकाले यसो गर्दा प्रचलित कानूनी व्यवस्था विपरित हुने तथा नगद व्यवस्थापनमा समेत समस्या हुने भएकाले मन्त्रालयगत बजेट सूचना प्रणालीमा त्रैमासिक रुपमा विभाजन भएको बजेटको सीमा भित्र रही मात्र भुक्तानी दिनुहुन मिति २०८०/०६/०५ को निर्णयानुसार अनुरोध छ।

(उत्तर कुमार खत्री)
सहसचिव

बोधार्थः
श्री महालेखा परीक्षकको कार्यालय,
अनामनगर, काठमाडौं।